Tribhuvan University
Institute of Agriculture & Animal Science (IAAS)
**Directorate of Research & Publications**
Dean's office
Kirtipur, Kathmandu, Nepal

मिति : २०७७।०९।२९

# सूचना

**बिषयः अनुसन्धानात्मक लेख रचनाहरु सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा आयोजना प्रमुखको कार्यालय, काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजना, जंगी अड्डा काठमाण्डौको पत्र संख्या १५८५४/३०/०७७/०७८/४ मिति २०७७/०९/१६, शिक्षाध्यक्षको कार्यालय, त्रिभुवन बिश्वबिद्यालय, कीर्तिपुरको प.सं.च.नं. १३४/०७७/०७८ मिति २०७७/०९/२२ मार्फत यस अध्ययन संस्थानलाई जानकारी भए बमोजिम संलग्न परिशिष्ट “क” अनुरुपका विषय बस्तु र ढाँचामा रही आयोजनाले तोकेको स्थान वा ईमेलमा अनुसन्धानात्मक लेख रचनाहरु उपलब्ध गराउन सम्बन्धित सबैलाई सुचित गरीन्छ ।

......................

डा. हरिकृष्ण पन्त
निर्देशक

परिशिष्ट "क"

## "काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाबाट प्रकाशित हुने जर्नल- २०७७ को प्रथम संस्करणको लागि अनुसन्धनात्मक लेख रचनाहरु उपलब्ध गराउने सम्बन्धमा

१. नेपाली सेनाले स्थापनाकालदेखि नै देशका दुर्गम तथा सुगम स्थानहरुमा "विकास निर्माण" को कार्यहरु संचालन गर्दै आइरहेको सर्वविधितै छ । सोही कार्यलाई थप विस्तार गर्ने तथा महत्वपूर्ण विकास निर्माणका विषयहरुमा खोज, अनुसन्धान र अध्ययनको दायरा फराकिलो पार्ने उद्देश्य अनुरुप नेपाली सेनाले काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना कार्यालयबाट आयोजनासंग सम्वन्धित जर्नल प्रकाशन गर्ने योजना रहेको छ । त्यसर्थ तपशिलमा उल्लेखित बिषयवस्तुहरुलाई ध्यानमा राखी तोकिएको मितिमा अनुसन्धनात्मक लेख रचनाहरु उपलब्ध गराउनु हुन हार्दिक आग्रह गरिन्छ ।

लेख रचनाको बिषयः काठमाण्डौ-तराई/मधेश द्रुतमार्ग सडकमा आधारित रहेर अनुसन्धनात्मक लेख रचनाहरु उपलब्ध गराउन सक्नु हुनेछ ।

२. लेख रचनाको प्रकृतिः लेख रचना उपलब्ध गराउन लेखकहरुले निम्न बुँदाहरुलाई ध्यान दिनु पर्नेछ :-

(क) लेख रचनाहरु विशुद्ध रुपमा राजनीतिक निरपेक्ष (Apolitical) हुनुपर्ने ।

(ख) लेख रचनाको शब्द सीमा २००० देखि २५०० शब्द हुनुपर्ने ।

(ग) लेख रचना अंग्रेजी वा नेपाली भाषामा लेखिएको हुनुपर्ने ।

(घ) मौलिकतालाई विशेष ग्राह्यता दिईने तथा Academic Integrity लाई पालना गर्नुपर्ने।

(ङ) Plagiarism लाई कडाईका साथ जांच गरिने तथा त्यस प्रकृतिका लेख रचनाहरुलाई सुरुवाती चरणबाट हटाईने र कुनै लेख रचनाको अंशहरु साभार गर्नुपर्ने अवस्थामा वास्तविक रचनाकारलाई श्रेय दिनुपर्ने (आवश्यकता अनुसार Citation गर्ने) ।

(च) लेखकहरुले आवश्यकता अनुसार नेपाली सेनाको काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनामा सम्पर्क गर्न सक्ने ।

(छ) विषयहरु आवश्यकता अनुसार राष्ट्रिय विकास निर्माण तथा प्रविधी विषयमा केन्द्रित रहने गरी पुनरावलोकन गर्न सक्ने ।

(ज) लेखकहरुले लेख रचना प्रेशित गर्दा हालसालै खिचिएको पासपोर्ट साइजको फोटो डिजिटल कपिमा समावेश गराउनु पर्ने ।

३. अनुसन्धनात्मक लेख रचनाहरु अंग्रेजीमा Times New Roman र नेपालीमा युनिकोड फण्टमा (फण्ट साईज १२) उपलब्ध गराउनु पर्ने छ ।

४. पुरस्कारः छनौटमा परेका सहभागी लेखकहरुलाई प्रोत्साहन गर्नको लागि प्राप्त भएका लेख रचनाहरुमध्ये उत्कृष्ट ३ वटा लेखहरुलाई छनौट गरी जर्नल बिमोचनको अवसरमा पुरस्कार वितरण गरिने छ ।

(क) प्रथम पुरस्कार : रु. ५१,०००/-

(ख) द्धितिय पुरस्कार : रु. ३१,०००/-

(ग) तृतिय पुरस्कार : रु. २१,०००/-

५. लेख रचना मिति २०७७/१०/१५ गतेभित्र श्री काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको Email ठेगाना ktft-adm@nepalarmy.mil.np मा प्रेषित गर्नु हुन अनुरोध गरिन्छ ।

६. आवश्यक जानकारीको लागि सम्पर्क-श्री काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना, जंगी अड्डा, सम्पर्क नं ०१-४२३९४२५ मोबाईल नं.९८६३०३०४८५ साथै, विस्तृत जानकारीको लागि यस आयोजनाको Website: ktft.nepalarmy.mil.np मा हेर्न सकिनेछ ।